# Laxminiya Youth Club
# लक्ष्मिनिया युवा क्लब
## को
## विधान २०७५

**प्रस्तावना**,

नेपाल गाउँनै गाउँले भरिएको एक सुन्दर शान्त देश हो । गाउँको विकास विना देशको विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर राखी गाउँको विकासका लागि चेतनशिल युवाहरु मिली लक्ष्मिनिया युवा क्लब नामक क्लब दर्ता गरी सञ्चालन गर्न आवश्यक ठानी संस्था दर्ता ऐन २०३४ वमोजिम यस संस्थाको विधान तर्जुमा गरिएको छ ।

## परिच्छेद-१
### प्रारम्भिक

**१. क्लबको नाम :** यस क्लबको नाम लक्ष्मिनिया युवा क्लब रहनेछ । अङ्ग्रेजिमा " Laxminiya Youth Club " र छोटकरीमा "LYC" भनिने छ ।

**क**) **क्लबको कार्यालय रहने ठेगाना** : यस क्लबको कार्यालय मोरङ्ग जिल्लाको जहदा  गाउँपालिका-५ मा रहने छ ।

**ख**) **कार्य क्षेत्र :** यस क्लबको कार्यक्षेत्र मोरङ्ग जिल्लाभरी रहने छ । स्थानीय अधिकारीको स्विकृति लिई अन्य जिल्लामा समेत शाखा विस्तार गर्न सकिने छ ।

**ग**) यो विधान स्थानीय अधिकारीबाट स्विकृत भएपछि लागु हुनेछ ।

**घ**) **क्लबको अस्तित्व :** यो क्लब अविच्छिन्न उत्तराधिकारवाला, संगठीत, स्वशातित, गैर नाफामुलक, गैर राजनैतिक र सामाजिक क्लब हुनेछ । यसले कसैमाथि वा अरु कसैले यसमाथि क्लबकै नामबाट उजुर वाजुर गर्न सक्नेछ । यसले अन्य व्यक्ति सरह सम्पति आर्जन गर्न, भोगचलन गर्न सक्ने छ ।

**ङ**) **क्लबको प्रतिवद्धता** : क्लबको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्रको कुनै संघ संगठनको सम्बन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नितिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता तथा शान्ति सुरक्षामा खललपुग्ने काम कुरा नगर्ने प्रतिवद्धता प्रकट गर्दछ ।

**च**) यो क्लब सामाजिक सेवा भावनाले पूर्णतः अभिप्ररित रहि सामाजिक क्लबको रुपमा रहेको छ ।

## २. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क) "विधान" भन्नाले लक्ष्मिनिया युवा क्लब को विधान २०७५ लाई जनाउँछ ।

ख) "साधारण सभा" भन्नाले क्लबको हरेक १-१ बर्षको बार्षिक सभा र विशेष साधारण सभालाई जनाउँछ ।

घ) "क्लब" भन्नाले लक्ष्मिनिया युवा क्लब, जहदा-५ लाई जनाउँछ ।

ङ) "समिति" भन्नाले यस क्लबको कार्य समितिलाई सम्झनु पर्दछ ।

च) "साधारण सदस्य" भन्नाले सदस्यता बापत यस संस्थाले लिनु पर्ने रकम बुझाई संस्थामा नाम दर्ता गराउने व्यक्तिलाई सम्झिनु पर्दछ ।

छ) "उपसमिति" भन्नाले विधान बमोजिम कुनै कार्य गर्न कार्य समितिले तोकेको समितिलाई सम्झनु पर्दछ ।

ज) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यो विधान वा विधान अन्तर्गत बनेको विनिमयलाई सम्झनु पर्दछ ।

झ) "सदस्य" भन्नाले विधान बमोजिम सदस्यता प्राप्त व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

ञ) "विनियम" भन्नाले यस विधानको परिच्छेद ७ को अफा २६ बमोजिम साधारण सभाबाट पारित गरीएको विनियमलाई जनाउँछ ।

ट) "नियम" भन्नाले यस विधान बमोजिम क्लबको कार्य सञ्चालन गर्न बनेको नियमलाई जनाउँछ ।

## ३. क्लबको चिन्ह र छाप :

यस क्लबको चिन्ह छाप छुट्टै हुनेछ । क्लबको छापको बाहिरी गोलाकार भित्र लक्ष्मिनिया युवा क्लब लेखिएको र भित्री गोलाकारमा तीन जना युवक हातमा हात मिलाएर उभेको,तल नेपालको नक्सा भित्र स्थापना मिति २०७५ र बाहिरी तल्लो भागमा जहदा गाउँपालिक-५, मोरङ्ग लेखिएका हुनेछ । छापको नमुना अनुसूची-१ अनुसार हुनेछ ।

# परिच्छेद-२

## ४. क्लबको उद्देश्य :

यो क्लबको उद्देश्य देहाय बमोजिम हुनेछ ।

१. यो क्लब मुनाफारहित जनहितकारी क्लब हुनेछ ।

२. दलित, गरिव, अशक्त, र महिला वर्गको शैक्षिक विकास र साक्षरता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने ।

३. समाजमा रहेका रुढीबादी परम्परा, छुवाछुट प्रथा विकृति विसंगती, बालविवहा, बालश्रम मानव बेचबिखन, दाइजोप्रथा, धुम्रपान तथा मध्यपान लागुपदार्थ ओसारपसार तथा सेवनलाई निरुत्साहित गर्ने खालका चेतना मूलक कार्यक्रम संचालन गर्ने ।

४. प्रकृति प्रकोप र अन्य किसिमका आपती आएमा आन्तरिक तथा बाह्य श्रोत परिचालन गरि उद्धार तथा राहत वितरण गर्ने ।

५. स्वास्थ्य, सरसफाई, शुद्ध खानेपानी, पोषणयुक्त आहार र वातावरणीय व्यवस्थापनका लागि समुदायमा चेतना बढाई कृयाशिल बनाउन ।

६. यौनरोग तथा प्रजनन् स्वास्थ्य एच.आई.भि. एड्स जस्ता प्राणघाटक रोगका बिरुद्ध चेतना अभिबृधि गर्ने ।

७. कृषि क्षेत्रका विकास र आत्मनिर्भरका लागि चेतना मूलक कार्यक्रम संचालन गर्ने ।

८. सामुदायिक विकास क्षेत्र सशक्तिकरणका लागि विभिन्न तालीम, सांस्कृतिक कार्यक्रम, नाटक प्रदर्शन, अन्तरकृया अवलोकन , भ्रमण जस्ता कार्यक्रम आयोजना गर्ने ।

## ५. क्लबको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :

१. क्लबले प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य प्राप्त गर्नेछ ।

२. क्लबलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर टेलिफोन फ्याक्स मेसिन, फर्निचर जस्ता कार्यलय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

३. क्लबलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनिहरुको सेवाका सर्तहरु निर्धारण गर्नेछ ।

४. क्लबमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

५. अन्य क्लबसंग समन्वयन कायम गरी स्वंयम सेवक भई काम गर्ने र प्रतिनिधि नियुक्ति गर्न सक्नेछ ।

६. यो क्लबले कुनै किसिमको राजनैतिक गतिबिधि गर्ने छैन ।

७. आफ्नो अधिकारको प्रयोग गर्दा अरुको हक हनन् गरिने छैन र नेपालको प्रचलित कानून विपरीत कुनै काम गरिने छैन ।

८. नेपाल सरकारको स्वीकृति लिएर मात्र गर्नुपर्ने कामको हकमा सम्बन्धि निकायको स्वीकृति लिएर मात्र कार्य गरिनेछ ।

९. कुनै कार्य गर्नका लागि अन्य क्लबसंग समन्वय गरि कार्य गर्न सक्नेछ ।

१०. क्लबसंग सम्बन्धित आवश्यक कुराहरु : क्लबको विरुद्धमा परेका मुद्दा मामिलाको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेस गर्ने र यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गर्ने आफ्नो हक अधिकार र सहुलियत सुरक्षित राख्नेछ ।

# परिच्छेद-३

**सदस्यता**

## ६. सदस्यताको वर्गीकरण :

यस क्लबमा देहाय बमोजिम सदस्यहरु रहनेछन् :

**क) साधारण सदस्य :** यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनैपनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा क्लबको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**ख) संस्थापक सदस्य :** यस क्लब दर्ता हुँदा दस्तखत गर्ने पदाधिकारीहरु र अनुसुचि १ मा लेखिएका महानुभावहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनु पर्ने छ ।

**ग) आजिवन सदस्य :** क्लबको विकासका लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ ।

**घ) मानार्थ सदस्य :** क्लबले विकासका लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत मानार्थ सदस्यता प्रदान गरिने छ । तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

क) नेपाल नागरिक भएको
ख) १६ वर्ष उमेर पुरा गरेको
ग) मानसिक संतुलन नगुमाएको
घ) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको
ङ) नैतिक पतनदेखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय नपाएको
च) निष्ठावान र धार्मिक आचारसंहिता पालना गर्ने

## ८. क्लबको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

१) देहायका अवस्थामा कुनै व्यक्ति क्लबको सदस्यता प्राप्त गर्न सक्ने छैन ।
क) गैर नेपाल नागरिक
ख) १६ वर्ष उमेर पुरा नगरेको
ग) मगज ब्रिगिएको वा बौलाएको
घ) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको
ङ) नैतिक पतनदेखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय पाएको
च) साहुको दामसाहिमा परेको
छ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जाल साँजि गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १ वर्षभित्र ।
ज) सदस्यता शुल्क बुझाउन बाँकी रहेको

## ९. सदस्यताका समाप्ति

१) देहायको अवस्थामा कुनै व्यक्ति क्लबको सदस्यको वहाल रहनेछैन :
क) यस विधानको दफा ८ वमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
ख) साधारण सभाबाट २/३ (दुई तिहाई) सदस्यहरुको बहुमतले क्लबको सदस्य पदबाट हटाउने प्रस्ताव पारित भएमा ।
ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्विकृति भएमा ।
घ) क्लबको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
ङ) यस विधान वमोजिम सदस्यले गर्ने नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।
च) सदस्यता शुल्क बुझउन बाँकी भएमा ।

छ) क्लब विघटन भै खारेज भएमा।

ज) विना कारण कुनै सदस्य वैठकमा लगातार ३ पटक अनुपस्थित भएमा सदस्यता स्वतः खारेज हुनेछ।

झ) क्लबको अनुशासन भंग गरेमा।

२. कुनै व्यक्ति क्लबको सदस्यता प्राप्त गर्न वहार रहन अयोग्य ठहराउनु भन्दा अघि क्लबले निजलाई सो कुराको सूचना दिई, सफाईको सवुद पेश गर्ने मौका दिइनेछ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन्।

### १. साधारण सदस्य :

क) क्लबप्रति आस्था राख्ने दफा ७ बमोजिमको योग्यता पुगेको तथा दफा ८ बमोजिम अयोग्य नभएको नेपाली नागरिकले साधारण सदस्य प्राप्त गर्न प्रवेश शुल्क वापत रु. १००।- र वार्षिक शुल्क वापत रु.५००।- बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु.५०।- बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्षको असार मसान्त भित्र नविकरण गराई सक्नुपर्नेछ। त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ।

### २. संस्थापक सदस्य :

क) यो क्लब दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन्।

### ३. आजीवन सदस्य :

क्लबमा एकमुष्ट रु.१०००।- वा सो भन्दा माथि बुझई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिनृ व्यक्तिहरुलाई कार्य समितिकृ निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

### ४) मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेका समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सकिनेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन।

५) कुनै आवेदनलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइन छ।

६) सबै सदस्यहरुले यस विधान र विधार अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गनुपर्नेछ।

७) क्लबले प्रदान गरेको उपदफा १,२,३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

८) साधारण सदस्य नविकरण नभएको सदस्यले साधारण सभामा सहभाति हुन पाँउने छैन ।

९. सदस्यता प्रदान गर्ने विधि : यस क्लबको सदस्ता लिन चाहने व्यक्तिले कार्य समितिको कार्यलयमा आई सदस्यता आवेदन फारम भरी यस विधान बमोजिमको रकम दाखिला गरी आवेदन दिनुपर्नेछ । यसरी निवेदन पर्न आएमा क्लबको तर्फबाट रकम बुझको रसिद र सदस्यताको प्रमाणपत्र उपलबध गराउन सक्नेछ ।

## परिच्छेद-४

### साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

## ११.क्लबको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरू :

१) यस क्लबको विधानको दफा ३ अनुसार सदस्यता प्राप्त गर्ने र दफा ७ बमोजिम योग्यता पुगेका सदस्यहरु क्लबको साधारण सभा गठन हुनेछ । साधारण सभा क्लबको सर्वोच्च अंङ्ग हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् ।

२. यस क्लबको साधारण सभा देहाय बमोजिम हुनेछ -

**क) <u>वार्षिक साधारण सभा</u>** : वर्षको एकपटक वार्षिक साधारण सभा बस्ने छ ।

**ख) <u>विशेष साधारण सभा</u>** : सस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा १५ (पंध्र) दिनभित्र अनिवर्य रुपमा बोलाउनुपर्नेछ । तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुन:विशेष साधारण सभा बस्न सक्ने छैन ।

३) यस क्लबको प्रथम वार्षिक साधारण सभा क्लब स्थापना भएको आ.व. समाप्त भएको मितिले तिन महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र गरिनेछ ।

४) यस क्लबको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोलि सबै साधारण सदस्यहरुलाई सूचना दिइनेछ ।

५) उपदफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पून:साधारण सभा बोलाइनेछ ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार :-

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

क) विधान बमोजिम कार्य समितिको पदाधिकारी चुन्ने ।

ख) क्लबको वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) क्लबको वार्षिक कार्यक्रम तथा वार्षिक बजेट अनुमोदन गर्ने ।

घ) लेखापरिक्षकको नियुक्ति गर्ने, पारिश्रमिक तोक्ने वा उक्त प्रयोजनका लागि कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

ङ) क्लबको वा क्लबद्वारा संचालित कार्यक्रमका लागि आवश्यक ठानेमा क्लबको विधानको अधिनमा रही विभिन्न उप-समितिहरु गठन गर्ने वा गठन गर्नका लागि कार्य समितिलाइ आवश्यक निर्देशन दिने ।

च) क्लबको वार्षिक कार्य प्रगति विवरण र क्लबले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

छ) कार्य समितिद्वारा पेश भएको विधान संसोधन, नियम तथा विनियम स्विकृत गर्ने ।

ज) मानार्थ सदस्यता प्रदान गर्ने ।

झ) क्लबको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा सुविधाहरुमा आवश्यक्ता अनुरुप स्विकृत गर्ने ।

ञ) कार्यसमितिको निर्वाचन गर्ने र कार्यसमितिको रिक्त पदको पूर्ति गर्ने ।

ट) कर्मचारीको दरबन्दी स्विकृत गर्ने र तलब भत्ता तथा अन्य सुविधा तोक्ने ।

## १३. कार्य समितिको गठन :-

क) कार्य समितिको चयन वार्षिक साधारण सभाबाट देहाय बमोजिमको पदाधिकारी रहने गरी निम्न बमोजिमको एक कार्य समिति गठन हुनेछ -

| | |
|---|---|
| १. अध्यक्ष | १ जना |
| २. उपाध्यक्ष | १ जना |
| ३. सचिव | १ जना |
| ४. सह-सचिव | १ जना |
| ५. कोषाध्यक्ष | १ जना |
| ६. सदस्य | ४ जना |

ख) यस क्लबमा ९ जनाको कार्य समिति हुनेछ ।
ग) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै अवधिका लागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद भई नियुक्त भएको सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

ङ) कार्य समितिको बैठक आवश्यकत्ता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको बैठक बोलाउनु पर्नेछ ।

च) कार्य समितिको बैठकमा सदस्य स्वंयम उपस्थित हुनुपर्नेछ ।

छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुने छैन ।

ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष समेत अनुउपस्थित भएमा बैठकको उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

ञ) कार्य समितिको बैठकमा छलफल भएको विषय तत्सम्बन्धमा भएको निर्णयक विवरण (माइन्युट) छुट्टै किताबमा लेखि राखनु पर्नेछ र सो निर्णय बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सहि गर्नु पर्नेछ । निर्णय विवरणमा असहमति जनाउनेले कैफियत खोली हस्ताक्षर गर्न सक्नेछ ।

ट) माथिका उप-नियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भए त्यस्तो सहमतिको निर्णय पुस्तिकामा संलग्न गरी उक्त काम बैठक बिना पनि गर्न सकिनेछ ।

ठ) क्लबले गर्ने भनिएको सम्पुर्ण कार्य समितिको निर्णयबाट हुनेछ ।

## १४. कार्य समितिको काम, कर्तव्य र अधिकार :

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) क्लबको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३) क्लबको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

४) साधारण सभा प्रति उत्तरीदायी रहने ।

५) क्लबको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वियन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

६) क्लबको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

७) क्लबको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खाली संचालन गर्ने, सम्पत्ति आर्जन तथा संरक्षण गर्ने ।

८) क्लबको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहाकार समिति, अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनरुप कार्यको बाँडफाडँ गरिदिने ।

९) क्लबको नेतृत्वदायी निर्वाह गर्ने ।

१०) क्लबको उद्देश्य अनुरुप दिर्घकालिन तथा अल्पकालिन कार्य योजना तयार गर्ने ।

# परिच्छेद-५

## १५. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्ष क्लबको सर्वोच्च पदाधिकारी हुनेछ र निजले क्लबलाई सक्रिय नेतृत्व प्रदान गर्नेछ ।
२) कार्य समिति र साधारण सभाको बैठकको अध्यक्षता गर्ने
३) सचिवलाई बैठक बोलाउन सल्लाह दिने ।
४) क्लबको सम्पतिको संरक्षण सुपरीवेक्षण गर्ने ।
५) कार्य समितिको कामको निरीक्षण गरी चौमासिक रुपमा संरक्षण सदस्य भै सो कार्यको अनुमोदन गर्ने ।
६) क्लबको सदस्यको मूल्याङ्कन गर्ने ।
७) क्लबलाई अगाडी बढाउन क्रियाशिल रही विभिन्न दातृ क्लबसंग आर्थिक सहयोगको पहल गर्ने ।
८) कार्य समितिको नेतृत्व गर्ने र बैठकमा राय बाझी मतविभाजन भएमा निर्णायक मत दिने ।
९) क्लबको तर्फबाट विभिन्न निकाय प्रतिनिधित्व गर्ने, गर्न लगाउने ।
१०) आवश्यकक्ता अनुसार उपाध्यक्ष वा कार्यकारी समितिका पदाधिकारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने ।
११) कार्य समितिको बैठक नबसेको अवस्थामा भैपरिआउने कुनै निर्णय अध्यक्षले गर्न सक्ने तर त्यसको अनुमोदन पछि बस्ने कार्यसमितिको बैठकबाट गराउनु पर्नेछ ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) साधारण सभा तथा नियमित बैठकमा क्लबको हितमा अध्यक्षसँग सहकार्य गर्ने ।
२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कामको जिम्मेवारी लिने ।

**ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको निर्देशन अनसार कार्य समितिको बैठकको लागि एजेण्डा तयार गर्ने ।
२) साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनमा नेतृत्व प्रदान गर्ने, माइन्यूट राख्ने । प्रमाणित गर्ने,
३) अध्यक्षको परामर्श लिई कार्य समितिको बैठक बोलाउने ।
४) कर्मचारीलाई नियन्त्रण गर्ने ।
५) वार्षिक कार्यक्रम निमार्ण तथा बजेत तर्जुमा गर्ने र उक्त कार्य गर्नका लागि कोषाध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

**घ) सह-सचिवको काम, कर्तव्य र अधिकार :**

१) सचिवको अनुपस्थितमा निजमा गर्ने सम्पूर्ण कार्य गर्ने ।
२) क्लबलाई हितहुने अन्य काम गर्ने ।

**ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) क्लबको आर्थिक योजना तर्जुमा गर्ने र आर्थिक नेतृत्व गर्ने । कोष सञ्चालन गर्ने ।
२) क्लबको आय-व्ययको हिसाब राख्ने ।
३) आर्थिक नियम, विनियम पालना गर्दा समितिको निर्णय अनुसार गर्ने ।

४) साधारण सभामा पेश गर्ने बजेट तयार गर्ने ।
५) वार्षिक साधारण सभा हुनु अघि मान्यताप्राप्त लेखापरीक्षणबात आन्तरीक लेखापरीक्षण गरी सोको प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने ।
६) नियमित लेखापरीक्षण गराउने ।

**च) सदस्यको काम, कर्तव्य र अधिकार :**

१) सभा तथा बैठकमा भाग लिने र आवश्यक सुझाव दिने ।
२) क्लबको हितको लागि आवश्यक निर्णयमा सहभागि हुने ।
३) क्लबको उद्देश्य पुरा गर्न नयाँ विचार तथा कार्यक्रम प्रस्ताव गर्ने ।
४) क्लबको उद्देश्य प्राप्तिका लागि साधन श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

## १६. पद त्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

## १७) अन्य समितिहरु :

१) यस विधानको परिधिभित्र रहेर क्लबको कार्य संचालनको लागि कार्य समितिले आवश्यता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।
२) उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकि दिए बमोजिम हुनेछ ।

## १८. गुणपुरक संख्या :

१) कूल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरु उपथित नभए साधारण सभामा काम कारवाही हुने छैनन् ।
२) तर, विधानको दफ ११ को (५) मा उल्लेख भए बमोजिम पुनःवोलाइएको साधारण सभामा कूल संस्थापक संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

# परिच्छेद-६

# आथिक व्यवस्था

## १९. क्लबको कोष :

१) क्लबको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।
ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।
ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।
घ) विदेशी क्लब, व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट खास कायक्रम वा परियोजना संचालनका लागि प्राप्त हुने अनुदान रकम ।

२) विदेशी संघ संस्था क्लब वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए क्लबले नेपाल सरकार समाज कल्याण परिषद्बाट स्वीकृत लिइनेछ ।

३) क्लबमा प्राप्त रकम स्थानीय बैंक मा जम्मा गरी बैंक खाता संचालन गरिने छ ।

## २०. खाता संचालन :

क्लबको बैंक खाता (अध्यक्ष, सचिव र कोषाध्यक्ष -अनिवार्य) गरी तिनजना मध्ये कुनै दुई जनाको दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राखी हिसाब मिलाउने व्यवस्था गरिनेछ ।

## २१. क्लबको लेखा र लेखा परीक्षण :

१) क्लबको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

२) क्लबको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुने छ ।

३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई क्लबको हिसाब किताब जाँच गर्न गराउन सक्ने छ ।

४) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ तर, प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५) क्लबको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १-१ प्रति स्थानीय अधिकारी र समाज कल्याण परिषद र सम्बन्धित निकायमा पेश गरिनेछ ।

# परिच्छेद-७

# विविध

## २२. निर्वाचन सम्बन्धि व्यवस्था :

१) कार्य समितिले निर्वाचन प्रयोजनका लागि बढिमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिने छ ।

२)निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३) निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४)निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वत:विघटन हुनेछ ।

## २३. उम्मेदवार हुने योग्यता :

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ :

क) विधानमा योग्य व्यक्ति उम्मेदवार हुनसक्ने छ ।

ख) साधारण सदस्यता नविकरण भएको हुनुपर्छ । (पहिले निर्वाचनको लागि यो नियम लागु हुने छैन ।)

ग)कम्तिमा दुई वर्ष साधारण सदस्य भएको हुनुपर्ने । (पहिलो निर्वाचनको लागि यो नियम लागु हुने छैन ।)

## २४. अविश्वासको प्रस्ताव :

१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन-कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई क्लबमा दर्ता गनुपर्ने छ :

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरि लेखिएको हुनुपर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारीक हुनुपर्छ ।

ग) साधारण सभामा सदस्यहरु मध्यबाट कम्तिमा १/४ (चौथाई) सदस्यको प्रष्ट नाम, थर र ठेगानण सहित खुलाई हस्ताक्षर भएको हुनुपर्छ ।

२. उप-दफा १ बमोजिम क्लबमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी क्लबको साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईनेछ ।

**३. अविश्वासको प्रस्तावमाथि छलफलको प्रकृया :**

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिईने छ र प्रस्ताव पेशगर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्यायनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख) उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढिमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, ती पदाधिकारीहरुलाई आफनो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिनेछैन ।

**४) अविश्वासको प्रस्तावमाथि निर्णय :**

१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने काम समाप्त भएपछि अध्यक्षतागर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा छुट्याएर वा

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा गोप्य मतदान गराएर ।

२) साधारण सभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछन् ।

३) निर्वाचन भएको ६ महिना नपुगि वा प्रस्ताव विफल भएको ६ महिना नपुगि त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाउने छैन ।

## २५ अचल सम्पत्ति :

क्लबले चल वा अचल सम्पति खरिद गर्न, भोगचलन गर्न सक्नेछ । समिति पुर्नगठन हुँदा विवरण राखि चल-अचल सम्पतिको बरबुझारथ गर्नु पर्नेछ । अचल सम्पतिको विक्रि वितरण तथा हक हस्तान्तरण गर्न पूर्व अनिवार्य रुपमा  स्थानीय अधिकारीको स्विकृति लिईने छ ।

## २६. नियम बनाउन सक्ने :

१) क्लबले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट परित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ ।

२) यो विधान र विधान अन्तर्गत रहेको नियमको अधिनमा रहि क्लबको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

## २७. क्लब खारेज :

१. साधारण सभाले आवश्यक देखेमा विषेश प्रस्ताव पारित गरी खारेज गर्न सक्नेछ ।
२. उपदफा १ बमोजिम खारेजिको प्रस्ताव पारीत गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढि लिक्विडेटहरु र क्लबको हिसाब किताब गर्नकालागि एक वा एकभन्दा बढि लेखापरिक्षकहरु नियुक्ति गर्न सक्नेछ ।
३. उपदफा २ बमोजिम नियुक्ति लिक्विडेटर र लेखापरिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिए बमोजिम हुनेछ ।
४. उपनियम ३ बमोजिम नियुक्ति लिक्विडेट तथा लेखापरिक्षकले क्लब खारेजि सम्बन्धि काम कारवाही गर्नेछन् ।
५. यसरी कारणवस क्लब विघटन भई खारेज भएमा क्लबको दायित्वको फरफर गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

## २८. विधान संसोधन :

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यले अनुमोदन गरेपश्चात् मात्र क्लबको कुनै दफा संसोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्विकृत भएपश्चात् मात्र क्लबको कुनै दफा संसोधन वा खारेज भएको मानिनेछ ।

## २९. कर्मचारीको व्यवस्था :

क) क्लबको दैनिक कार्य संचालन र योजना तथा कायक्रम संचालनको लागि कर्मचारी दरवन्दी, सृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनुपर्ने कार्यविधि अपनाई साधारण सभाबाट पारित गरी लागु गरिने छ ।

## ३0. प्रगति समिक्षाः

यस क्लबको आर्थिक वर्ष प्रत्येक वर्षको श्रावण १ गतेदेखि सुरु भई अषाढ मसान्तसम्म समाप्त हुन्छ । समितिले कार्यक्रम तथा बजेटको वार्षिक समिक्षा गरी सोको प्रतिवेदन स्थानीय अधिकारी र सम्बन्धित निकायलाई पठाइने छ ।

## ३१. व्याख्या :

यो विधान र विधान अन्तर्गत बनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ ।

## ३२. गोप्यता भंग गर्न नहुने :

यस क्लबका कुनै पनि पदाधिकारी र सदस्यहरुले क्लबको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य वा अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

## ३३. ऐन अनुसार हुने :

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र क्लब दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वत : निष्कृय हुनेछन् ।

## ३४.तदर्थ समिति:

१) यो क्लब स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिले गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिईने छ ।

२) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ कार्य समितिले गरेको काम कारवाहिहरु यसै विधान सरह भएको मानिनेछ ।

## ३५. निर्देशन पालना :

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तब्य हुनेछ । संस्थाले बिधान विपरित काम गरेमा संस्था दर्ता गर्ने अधिकारीले संस्था निलम्बन वा खारिज गर्न सक्नेछ ।

## ३६. अनुसुचि १ :




कार्यनन छाप (**अनुसुचि १**)




नयाँ छाप

लक्ष्मिनिया युवा क्लब

LYC

Youth For Society

स्था. २०७५

बुढीगंगा गाउँपालिका-५ मोरङ